बेलडाँडी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बेलडाँडी,कञ्चनपुर

**सुदूरपश्चिम प्रदेश, नेपाल**

9/C

पत्र सङ्ख्या :-०७९/८० मिति: २०७९।१०।२६

च.नं:- ८९६

श्री नं. वडा कार्यालय,
वेलडाँडी, कञ्चनपूर ।

विषय : आ.व.२०८०।०८१ मा न्यूनतम रोजगारीका लागि आवेदन भर्न आवश्यक सहजिकरण गरिदिने सम्वन्धमा ।

प्रस्तुत सम्बन्धमा रोजगारीको हक सम्वन्धि ऐन, २०७५ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ वमोजिम आ.व.२०८०।०८१ मा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) अन्तर्गत वेलडाँडी गाउँपालिकाको (रोजगार सेवा केन्द्र) समन्वयमा प्रदान हुने १०० दिनको न्यूनतम रोजगारीमा संलग्न हुन चाहने १८ देखि ५९ वर्ष भन्दा मुनिका वेरोजगार व्यक्तिले सम्वन्धित वडा कार्यालय मार्फत वेलडांडी गा.पा.को (रोजगार सेवा केन्द)मा सूचिकृत हुन मिति **२०७९ साल फागुन १ गते देखि २०७९ साल फागुन मसान्त** सम्म निवेदन दिनुपर्ने व्यवस्था रहेको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाको कार्यान्वयनवाट सामाजिक र आर्थिक अवसरवाट वञ्चित महिला, आदिवासी, जनजाति, मधेसी, दलित तथा सिमान्तकृत समुदाय लगायतलाई सामाजिक संरक्षण उपलव्ध गराउने उद्धेश्य वमोजिम वेरोजगार व्यक्तिको निवेदन संकलन गर्दा व्यक्तिका र निजका परिवारको यथार्थ र सम्पुर्ण विवरण संकलन गरि वास्तविक लक्षित वर्ग केन्द्रित कार्यक्रम संचालन हुने गरी विवरण संकलन गर्न आवश्यक सहजिकरण गरिदिन हुन अनुरोध छ । साथै निवेदनको ढांचा र यस सम्वन्धि विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाईट www.pmep.gov.np तथा वेलडांडी गाउँपालिकाको वेवसाइट www.beldandimun.gov.np साथै हार्डकपी गाउं पालिका स्थित रोजगार सेवा केन्द्रवाट प्राप्त गर्न सकिने छ ।

निवेदनका साथ माग गर्नुपर्ने आवश्यक कागजातहरु ::

- निवेदकको १ प्रति नागरिकताको प्रतिलिपी ।
- निवेदकको १ प्रति पासपोर्ट साइजको फोटो ।
- निवेदकका परिवारका सदस्यहरुको नागरिकताको १ प्रति प्रतिलिपी तथा वच्चाहरुको हकमा जन्मदर्ताको प्रतिलिपी ।

२०७९।१०।२६

.................................
कृष्ण वहादुर चन्द
रोजगार संयोजक

.................................
पदम राज जोशी
प्रमुख प्रशासकिय अधिकृत

पदम राज जोशी
प्रमुख प्रशासकीय अधिकृत